# सुकुना बहुमुखी क्याम्पस

## सुन्दरहरैँचा, मोरङ

# अनुसन्धान परियोजना सञ्चालन कार्यविधि, २०८१

एकाइ प्रमुख
अनुसन्धान व्यवस्थापन एकाइ
(RMC-Sukuna)

अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna)
सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैँचा, मोरङ
२०८१

## प्रस्तवना

यस सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैँचा, मोरङको वार्षिक नीति तथा कार्यक्रम र बजेटअनुसार क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) बाट सञ्चालन गरिने अनुसन्धानका क्रियाकलाप बजेट परिचालन तथा उपयोग गर्नका लागि विधि र प्रक्रियाहरूको सुनिश्चितता गर्नु वाञ्छनीय भएकाले क्याम्पस विधान २०७७ (संशोधन सहित) र अनुसन्धान व्यवस्थापन एकाइ कार्यक्रम निर्देशिका २०७८ ले तोकेका उद्धेश्यहरू पूरा गर्न यो **अनुसन्धान परियोजना सञ्चालन कार्यविधि, २०८१** स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

एकाइ प्रमुख
अनुसन्धान व्यवस्थापन एकाइ
(RMC-Sukuna)

Sukuna Multiple Campus
Research Management Cell, Sundarharaincha, Morang

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैँचा नगरपालिका, मोरङ

## विषयसूची

प्रस्तवना ........................................................................................................ २

परिच्छेद एक

प्रारम्भिक

१. नाम ........................................................................................................ ५
२. तर्जुमा ........................................................................................................ ५
३. स्वीकृती र कार्यान्वयन ........................................................................................ ५

परिच्छेद दुई

कार्यविधिका उद्देश्यहरू

४. उद्देश्यहरू ........................................................................................................ ५

परिच्छेद तीन

अनुसन्धान परियोजनाहरू

५. अनुसन्धनका प्रकार ........................................................................................ ५
६. विद्यार्थी शोधपत्र सहायता कार्यक्रम ........................................................ ६
७. विद्यार्थी शोधपत्र सहायता कार्यक्रमको कार्यान्वयन प्रक्रिया ................................ ६
८. विद्यार्थी शोधपत्र सहायता कार्यक्रमका शर्तहरू ................................................ ७
९. शिक्षक तथा कर्मचारी लघु अनुसन्धान परियोजना ............................................ ७
१०. सहकार्यात्मक/कोल्याबरेटिभ (Collaborative)अनुसन्धान .................................... ८
११. सहकार्यात्मक अनुसन्धानको कार्यविभाजन र अनुदान वितरण ............................ ८
१२. सहकार्यात्मक अनुसन्धानको प्रक्रिया ........................................................ ९
१३. शिक्षक तथा कर्मचारीहरूबाट जर्नलमा प्रकासित लेखहरू ................................ १०
१४. जर्नल आर्टिकल लेखन अनुदान प्रदान गर्ने प्रक्रिया ........................................ ११
१५. सर्भे अनुसन्धान ........................................................................................ ११
१६. सर्भे सञ्चालनको प्रक्रिया ........................................................................ ११
१७. अनुसन्धान पुस्तक/ कम्पेन्डियम/हेण्डबुक ................................................ १२

परिच्छेद चार

तालिम, सेमिनार, गोष्ठी, कार्यशाला र सम्मेलन

१८. तालिम ........................................ १२

१९. सेमिनार, गोष्ठी, कार्यशाला र सम्मेलन ........................................ १३

परिच्छेद पाँच

विविध

२०. अमान्य हुने ........................................ १३

२१. परिवर्तन तथा संशोधन हुने ........................................ १३

२२. पुरक हुने ........................................ १४

२३. व्याख्या गर्ने अधिकार ........................................ १४

२४. वार्षिक कार्ययोजना तर्जुमा ........................................ १४

२५. प्रतिवेदन ........................................ १४

एकाइ प्रमुख
अनुसन्धान व्यवस्थापन एकाइ
(RMC-Sukuna)

## परिच्छेद एक

## प्रारम्भिक

### १. नाम

(१) यस कार्यविधिको नाम **'अनुसन्धान परियोजना सञ्चालन कार्यविधि, २०८१ '** हुने छ।

(२) यो कार्यविधि सुकुना बहुमुखी क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) ले कार्यान्वयन गर्ने छ।

### २. तर्जुमा

यो कार्यविधि सुकुना बहुमुखी क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) ले तर्जुमा गरी कार्यान्वयनमा ल्याउन क्याम्पस सञ्चालक समिति समक्ष पेस गरेको छ।

### ३. स्वीकृती र कार्यान्वयन

(१) यो कार्यविधि क्याम्पस सञ्चालक समितिबाट स्वीकृत गरिएको छ।

(२) यो कार्यविधि स्वीकृत भएपछि अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) ले तुरुन्त लागु गर्ने छ।

## परिच्छेद दुई

## कार्यविधिका उद्देश्यहरू

### ४. उद्देश्यहरू

यस अनुसन्धान परियोजना सञ्चालन कार्यविधि, २०८१ का उद्देश्यहरू देहायबमोजिम हुनेछन्:

(१) शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई अनुसन्धान गर्न सहयोग पुर्याएउनु।

(२) अनुसन्धानमूलक लेख लेखन तथा जर्नल प्रकाशनमा सहयोग पुर्याउनु।

(३)अनुसन्धान सम्बन्धी तालिम, सेमिनार, गोष्ठि, कार्यशाला र सम्मेलन गर्नु।

(४)अनुसन्धान गतिविधिको अभिलेखीकरण गर्नु गराउनु।

(५)अनुसन्धानका लागि वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नु गराउनु।

## परिच्छेद तीन

## अनुसन्धान परियोजनाहरू

### ५. अनुसन्धनका प्रकार

क्याम्पसको वार्षिक बजेटअनुसार सञ्चालन हुने अनुसन्धान परियोजनाहरू देहायबमोजिम हुनेछन् :

एकाइ प्रमुख
अनुसन्धान व्यवस्थापन एकाइ
(RMC-Sukuna)

(१) शोधपत्र सहायता कार्यक्रम अन्तर्गत विद्यार्थी अनुसन्धान।

(२) शिक्षक तथा कर्मचारीहरूबाट गरिने लधु - अनुसन्धान।

(३) शिक्षक - शिक्षक, शिक्षक - कर्मचारी तथा शिक्षक-विद्यार्थी र कर्मचारी -विद्यार्थीको सहकार्यात्मक (Collaborative) अनुसन्धान।

(४) अनुसन्धानमा आधारित शिक्षक/कर्मचारी/विद्यार्थीका जर्नल लेखहरू।

(५) एकाइबाट प्रकाशित हुने अन्तरविधागत तथा विषयगत विभागीय जर्नलहरू।

(६) शिक्षक तथा कर्मचारीहरूले गर्ने सर्भेहरू।

(७) एकाइबाट प्रकाशित हुने अनुसन्धानमूलक पुस्तकहरू।

**६. विद्यार्थी शोधपत्र सहायता कार्यक्रम**

क्याम्पसको वार्षिक बजेटका आधारमा नियम ५ उपनियम (१) अनुसार शोधपत्र सहायता कार्यक्रम अन्तर्गत विद्यार्थी अनुसन्धानका लागि देहायबमोजिमको सहायता दिइने छः

(१) विद्यार्थी अनुसन्धानका लागि प्राप्त हुने रकम प्रतिअनुसन्धान रू. १५,०००/- हुनेछ।

(२) यस्तो सहायता कार्यक्रम अन्तर्गत एम. एड. तहका लागि ३ जना छात्रातथा ३ जना छात्र र एम बि एस तहका लागि ३ जना छात्रातथा ३ जना छात्र गरी जम्मा १२ जना विद्यार्थीहरूलाई उपलब्ध गराइने छ।

**७. विद्यार्थी शोधपत्र सहायता कार्यक्रमको कार्यान्वयन प्रक्रिया**

क्याम्पसको वार्षिक बजेट र नियम ६ अनुसारको विद्यार्थी शोधपत्र सहायता कार्यक्रमको लागि देहायबमोजिमको प्रक्रिया अवलम्बन गरिने छः

(१) क्याम्पसमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूबाट एकाइले विद्यार्थी शोधपत्र सहायता कार्यक्रम अन्तर्गत शोधपत्र प्रस्तावना आव्हान गरिने छ।

(२) आवेदन गर्ने विद्यार्थीहरूले प्रस्ताव गरेको प्रस्तावनाका विषयमा आवेदकहरूको अन्तर्वार्ता लिइने छ।

(३) अन्तर्वार्ता र पेस भएको प्रस्तावनाका आधारमा  एकाइले शोधपत्र प्रस्तावनाको मूल्याङ्कन गरी गुणस्तर निर्धारण गर्ने छ।

(४) मूल्याङ्कनमा उत्तीर्ण हुने विद्यार्थीहरूको सूचना प्रकाशन गरी एकाइले विद्यार्थीहरू सँग सम्झौता गर्ने।

(५) एकाइले विभागीय प्रमुख सँग समन्वय गरी शोधनिर्देशक, शोध अवधि र सहायता रकम निकाशा विधि निर्धारण सम्झौतामा उल्लेख गर्ने।

(६) सम्बन्धित विभागले निर्धारण गरेको ढाँचामा विद्यार्थीले शोधकार्य गर्नु पर्ने छ।

(७) विद्यार्थीले शोधपत्रको कार्य समाप्त गरेपछि एकाइले शोधपत्रको मूल्याङ्कन गर्ने छ।

(८) तोकिएको मापदण्ड पूरा नगरेमा वा तोकिएको समयावधिमा कार्य सम्पन्न नगरेमा वा शोधपत्रको निर्धारित ढाँचा अवलम्बन नगरेमा वा वा प्लेजियारिजमको निर्धारित कायम नभएमा वा अरुको शोधपत्र चोरी गरेको भएमा वा कृत्रिम बुद्धिमता (AI) प्रयोग गरी शोधपत्र तयार गरेको भएमा नियम ६ उपनियम (१) अनुसारको सहायता रकम उपलब्ध गराइने छैन।

(९) सहायता कार्यक्रम अन्तर्गत स्विकृत भएका शोधार्थीहरूका लागि एकाइले स्वीकृतिपत्र प्रदान गर्ने छ।

(१०) उल्लिखित उपनियमहरूमा थप विधि र नियम समावेस गर्नु पर्ने भएमा एकाइले व्यवस्था गर्ने।

## ८. विद्यार्थी शोधपत्र सहायता कार्यक्रमका शर्तहरू

विद्यार्थी शोधपत्र सहायता कार्यक्रमको लागि विद्यार्थीहरूले देहायबमोजिमका शर्तहरू पूरा गरेको हुनुपर्ने छः

(१) विद्यार्थीले सिमेस्टरका सबै सैद्धान्तिक र प्रयोगात्मक परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने छ।

(२) चौथो सिमेस्टरको परीक्षाको नतिजा प्रकाशन भएको मितिले तीन महिना भित्रमा शोधपत्र लेखनकार्य पूरा गर्नुपर्ने छ।

(३) विद्यार्थी शोधपत्र सहायता प्राप्त गर्ने विद्यार्थीले शोधनिर्देशक र एकाइको निर्देशनअनुसार शोधकार्य गर्नुपर्ने छ।

## ९. शिक्षक तथा कर्मचारी लघु अनुसन्धान परियोजना

क्याम्पसको वार्षिक बजेट र नियम ५ उपनियम (२) अनुसारको क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीको अनुसन्धान क्षमता विकासका लागि देहायबमोजिम लघुअनुसन्धान परियोजना सञ्चालन गरिने छः

(१) शिक्षक तथा कर्मचारीहरूले एकल वा सहकार्यमा लघुअनुसन्धान गरेमा प्रतिलघुअनुसन्धान बढिमा रु. ४८,०००/- अनुदान सहयोग उपलब्ध गराइने छ।

(२) यस्तो लघुअनुसन्धान परियोजना वार्षिक २० वटासम्म सञ्चालन गरिने छ।

(३) क्याम्पसको वार्षिक बजेटको आकारमा परिवर्तन भएमा यस्तो लघुअनुसन्धानको कोटा थपघट हुनसक्ने छ।

(४) लघुअनुसन्धान परियोजनाको सञ्चालन अनुसन्धान व्यवस्थापन एकाइ कार्यक्रम निर्देशिका २०७८ को दफा १२, १३, १४, १५, १६, १७, १८, १९, २०, २१, २२ र २३ ले तोकेका विधि, प्रक्रिया र मापदण्डका आधारमा हुने छ।

(५) तोकिएको समयसिमा सम्ममा परियोजना सम्पन्न नगरेमा वा सम्झौता गरी कार्य नगरेमा वा तोकिएको सहजकर्ताको सम्पर्कमा नरही परियोजना सञ्चालन नगरेमा वा अनुसन्धान व्यवस्थापन एकाइ कार्यक्रम निर्देशिका २०७८ ले तोकेका विधि, प्रक्रिया र मापदण्ड उल्लङ्घन गरेमा वा कृत्रिम वुद्धिमता (AI generated) लेखन गरेमा एकाइले अनुसन्धानकर्तालाई सचेत गराउने छ।

(६) एकाइले सचेत गराउँदा पनि उपनियम (५) ले तोकेका कार्य गरेमा त्यस्ता अनुसन्धानकर्तालाई एकाले कालो सूचीमा राखी सोको जानकारी क्याम्पस प्रशासनलाई गराउने छ।

(७) कालोसूचीमा परेको शिक्षक वा कर्मचारीले सम्झौता गरेको मितिले तीन वर्षसम्म अनुसन्धान सहायता उपलब्ध गराइने छैन।

## १०. सहकार्यात्मक/कोल्याबरेटिभ (Collaborative)अनुसन्धान

नियम ५ उपनियम (३) अनुसार शिक्षक-शिक्षक, शिक्षक-कर्मचारी, शिक्षक-विद्यार्थी र कर्मचारी विद्यार्थी बिचमा सञ्चालन गरिने अनुसन्धान देहायबमोजिम हुनेछः

(१) एक जना शिक्षक वा कर्मचारी र एक जना विद्यार्थीले सहकार्य गरी अनुसन्धान गरेमा प्रतिअनुसन्धान रु. ७५,०००/- अनुदान सहयोग प्रदान गरिने छ।

(२) एक जना शिक्षक वा कर्मचारी र दुई जना विद्यार्थीले सहकार्य गरी अनुसन्धान गरेमा प्रतिअनुसन्धान रु. १,००,०००/- अनुदान सहयोग प्रदान गरिने छ।

(३) एक जना शिक्षक वा कर्मचारी र तीन जना विद्यार्थीले सहकार्य गरी अनुसन्धान गरेमा प्रतिअनुसन्धान रु. १,२५,०००/- अनुदान सहयोग प्रदान गरिने छ।

(४) कम्तिमा दुई जना शिक्षक वा कर्मचारी र कम्तिमा चार जना विद्यार्थीले सहकार्य गरी अनुसन्धान गरेमा प्रतिअनुसन्धान रु. १,५०,०००/- अनुदान सहयोग प्रदान गरिने छ।

(५) यस्तो अनुसन्धान प्रत्येक वर्ष कम्तिमा दुईवटासम्म गर्न सकिने छ। तर क्याम्पसको स्वीकृत वार्षिक बजेटमा परिवर्तन भएमा एकाइले सहकार्यात्मक अनुसन्धानको कोटा सङ्ख्या थपघट हुनसक्ने छ।

## ११. सहकार्यात्मक अनुसन्धानको कार्यविभाजन र अनुदान वितरण

नियम १० अनुसारको सहकार्यात्मक अनुसन्धानको लागि कार्यविभाजन र अनुदान वितरण देहायबमोजिम हुने छः

एकाइ प्रमुख
अनुसन्धान व्यवस्थापन एकाइ
(RMC-Sukuna)

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

(१) नियम १० उपनियम (१) अनुसारको सहकार्यात्मक अनुसन्धानका लागि शिक्षकले अनुसन्धानको सिङ्गोकामको ७० प्रतिशत शिक्षकले र बाँकि ३० प्रतिशत कार्य सम्बन्धित विद्यार्थीले कार्यसम्पादन गर्नुपर्ने छ र अनुदान रकमको वितरण सोहि प्रतिशतमा हुनेछ।

(२) नियम १० उपनियम (२) अनुसारको सहकार्यात्मक अनुसन्धानका लागि शिक्षकले अनुसन्धानको सिङ्गोकामको ६५ प्रतिशत शिक्षकले र बाँकि ३५ प्रतिशत कार्य सम्बन्धित विद्यार्थीहरूले कार्यसम्पादन गर्नुपर्ने छ र अनुदान रकमको वितरण सोहि प्रतिशतमा हुनेछ।

(३) नियम १० उपनियम (३) अनुसारको सहकार्यात्मक अनुसन्धानका लागि शिक्षकले अनुसन्धानको सिङ्गोकामको ६० प्रतिशत शिक्षकले र बाँकि ४० प्रतिशत कार्य सम्बन्धित विद्यार्थीहरूले कार्यसम्पादन गर्नुपर्ने छ र अनुदान रकमको वितरण सोहि प्रतिशतमा हुनेछ।

(४) नियम १० उपनियम (४) अनुसारको सहकार्यात्मक अनुसन्धानका लागि शिक्षकले अनुसन्धानको सिङ्गोकामको ५५ प्रतिशत शिक्षकले र बाँकि ४५ प्रतिशत कार्य सम्बन्धित विद्यार्थीहरूले कार्यसम्पादन गर्नुपर्ने छ र अनुदान रकमको वितरण सोहि प्रतिशतमा हुनेछ।

**१२. सहकार्यात्मक अनुसन्धानको प्रक्रिया**

नियम १० अनुसारको सहकार्यात्मक अनुसन्धानका लागि देहायबमोजिमको प्रक्रिया अवलम्बन गरिने छः

(१) एकाइले सहकार्यात्मक अनुसन्धानका लागि प्रस्ताव आव्हान गर्ने छ।

(२) अनुसन्धानकर्ताले समसामयिक विषयमा वा क्याम्पसलाई प्राज्ञिक फाइदा पुग्ने विषयमा वा शिक्षण सिकाइ तथा मूल्याङ्कनमा योगदान पुर्याउने विषयमा वा पाठ्यक्रममा रहेका विषयबस्तुमा वा सामाजिक, व्यवस्थापकीय, आर्थिक, साँस्कृतिय, वैज्ञानिक, प्राविधिक, जैविक, पर्यावरणीय जस्ता विषयमा एकाइमा आवेदन सहित प्रस्तावना पेस गर्नुपर्ने छ ।

(३) एकाइले तोकेको समयमा प्रस्तावनाको प्रिजेण्टेसन गरी अध्ययनको औचित्य पुष्टि गर्नुपर्ने छ।

(४) सहकार्यात्मक अनुसन्धानमा अनुसन्धानकर्ताहरूले अनुसन्धानको प्रकृति र गहनताका आधारमा कम्तिमा चार देखि बढिमा छवटा अनुसन्धानका उद्धेश्यहरू र अनुसन्धानात्मक प्रश्नहरूमा अनुसन्धान गर्नुपर्ने छ।

(५) नियम १० उपनियम (१) र (२) का लागि कम्तिमा चारवटा र उपनियम (३) र (४) का लागि कम्तिमा पाँचवटा उद्धेश्यहरू हुनुपर्ने छ ।

(६) अनुसन्धानकर्ताहरूले अनुसन्धानका उद्धेश्यअनुसार शीर्षक, उपशीर्षक र सहायक उपशीर्षकहरूमा गहनतम् तथा गहिराइसम्म अनुसन्धान गर्नुपर्ने छ।

(७) सहकार्यात्मक अनुसन्धान सघन/गहन/वृहत (Rigorous) प्रकृतिको हुने छ।



एकाई प्रमुख
अनुसन्धान व्यवस्थापन एकाइ
(RMC-Sukuna)

(८) एकाइसँग सम्झौता गरेको मितिले बढिमा एक वर्षभित्रमा सहकार्यात्मक अनुसन्धानको कार्य समापन हुनुपर्ने छ।

(९) सहकार्यात्मक अनुसन्धानमा अनुसन्धानकर्ताले प्रस्तावनाका साथमा अनिवार्यरुपमा अनुसन्धानको कार्ययोजना र अनुसन्धानकार्यमा अनुसन्धानकर्ता शिक्षक तथा विद्यार्थीको भूमिका र कार्य विभाजन गरेको प्रमाणित लिखित विवरण पेस गरेको हुनुपर्ने छ।

(१०) प्रस्तावना स्वीकृत भएपछि अनुसन्धानकर्ता शिक्षकले सहअनुसन्धानकर्ता विद्यार्थीहरूलाई अनिवार्य रुपमा अनुसन्धानका विषयमा र भूमिका विषयमा अभिमुखीकरण गरेको प्रमाण हुनुपर्द छ।

(११) सहकार्यात्मक अनुसन्धान परियोजनाको सञ्चालन अनुसन्धान व्यवस्थापन एकाइ कार्यक्रम निर्देशिका २०७८ को दफा १२, १३, १४, १५, १६, १७, १८, १९, २०, २१, २२ र २३ ले तोकेका विधि, प्रक्रिया र मापदण्डका आधारमा हुने छ।

(१२) सम्झौता गरिसके पछि तोकिएका विधि, मापदण्ड र प्रक्रिया पूरा नगरेमा तथा तोकिएको समयसिमासम्ममा अनुसन्धान सम्पन्न नगरेमा तोकिएको रकम भुक्तान गरिने छैन। यस अवस्थामा पेश्कि लगेको भए सोसमेत असुल उपर गरिने छ। यस्तो अनुसन्धानकर्ता शिक्षक वा शिक्षकको समुहलाई कालो सूचीमा राखिने छ।

(१३) कालो सूचीमा परेको शिक्षकको विवरण र कालो सूचीमा पर्नुको कारण क्याम्पस प्रमुख समक्ष सिफारिस गरिने छ।

(१४) कालो सूचीमा परेका अनुसन्धानकर्ताहरूले तीन वर्षसम्म अनुसन्धान परियोजना कार्यक्रममा सहभागी हुन पाउने छैनन्।

१३. **शिक्षक तथा कर्मचारीहरूबाट जर्नलमा प्रकासित लेखहरू**

नियम ५ उपनियम (४) अनुसार क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले वीज्ञ समिक्षीत (Peer-reviewed) जर्नलमा आर्टिकल प्रकाशन गरेमा देहायअनुसारको सहायता उपलब्ध गराइने छः

(१) क्याम्पसको एकाइबाट प्रकाशन हुने वीज्ञ समिक्षीत (Peer-reviewed) जर्नलमा आर्टिकल प्रकाशन गरेमा प्रतिआर्टिकल रु. ६,०००/-

(२) जुनसुकै क्याम्पस/प्रतिष्ठान/अनुसन्धान केन्द्रबाट प्रकाशन हुने वीज्ञ समिक्षीत (Peer-reviewed) जर्नलमा आर्टिकल प्रकाशन गरेमा प्रतिआर्टिकल रु. ६,०००/-

(३) राष्ट्रिय स्तरका जर्नलमा वीज्ञ समिक्षीत (Peer-reviewed) आर्टिकल प्रकाशन गरेमा प्रतिआर्टिकल रु. १०,०००/-

एकाइ प्रमुख
अनुसन्धान व्यवस्थापन एकाइ
(RMC-Sukuna)

(४) वैध्यताप्राप्त अन्तर्राष्ट्रि स्तरका जर्नलमा आर्टिकल प्रकाशन गरेमा प्रतिआर्टिकल रु. २५,०००/-

**१४. जर्नल आर्टिकल लेखन अनुदान प्रदान गर्ने प्रक्रिया**

नियम १३ अनुसारका लेखहरूका लागि लेखकलाई अनुदान दिने प्रक्रिया देहायबमोजिम हुने छः

(१) अनुसन्धानमूलक लेख लेखन गरी जर्नलमा प्रकाशनका लागि प्रदान गरिने तोकिएको अनुदान प्रदान गर्ने प्रक्रिया अनुसन्धान व्यवस्थापन एकाइ कार्यक्रम निर्देशिका २०७८ को परिच्छेद ६ ले तोकेका प्रक्रिया, विधि र मापदण्डअनुसार हुनेछ।

(२) लेखको लेख चेकजाँच र मूल्याङ्कन गर्दा प्रेडेटोरी जर्नल (Predatory Journal) मा प्रकाशन भएको पाइएमा त्यस्तो जर्नल आर्टिकललाई कुनै किसिमको अनुदान वा सहयोग उपलब्ध गराइने छैन।

(३) शिक्षक तथा कर्मचारीहरूले आर्टिकल लेखन अनुदान सहायता लिनका लागि प्रकाशित जर्नल र प्रकाशित लेख सहित इकाइमा आवेदन पेस गर्नुपर्ने छ।

(४) आर्टिकल लेखन अनुदान सहायताको कोटा वा सिमा वर्षै भरी खुला रहने छ।

**१५. सर्भे अनुसन्धान**

(१)नियम ५ उपनियम (६) अनुसार क्याम्पस सँग सम्बन्धित विषयमा क्याम्पसलाई पृष्ठपोषण दिने उद्देश्यले सरोकारवालाहरूमा गरिने सर्भे कार्यक्रमका लागि प्रतिसर्भे प्रतिवेदन रु. १५,०००/- अनुसन्धान सहायता उपलब्ध गराइने छ।

(२) यस्तो सर्भे शिक्षक, कर्मचारी र विद्यार्थीले एकल रुपमा वा समूहगत रुपमा गर्न सक्ने छन्।

(३) यस्तो सर्भेको समयावधि सर्भे प्रस्ताव स्वीकृत भएको मितिले बढिमा तीन महिनासम्म हुने छ।

(४) यस्तो सर्भेमा एक सर्भेयरले कुनै एक वा दुई सवाल/मुद्दा/समस्यामा केन्द्रित भई सर्भे गर्नुपर्ने छ।

(५) यस्तो सर्भे प्रत्यक वर्ष बढिमा बिसवटासम्म गरिने छ।

**१६. सर्भे सञ्चालनको प्रक्रिया**

नियम १५ अनुसार सर्भे कार्यक्रम सञ्चालनको प्रक्रिया देहायबमोजिम हुनेछः

(१) एकाइले सर्भेका लागि प्रस्ताव पेस सूचना प्रकाशन गर्नेछ।

(२) सूचनाअनुसार सर्भेयरले संक्षिप्त प्रस्तावना एकाइमा पेस गर्नुपर्ने छ।

(३) एकाइले सर्भेयरको प्रस्तावना र तथ्याङ्क सङ्कलनका सधान तथा विधिका आधारमा प्रस्तावनाको मूल्याङ्कन गर्नेछ।

एकाई प्रमुख
अनुसन्धान व्यवस्थापन एकाइ
(RMC-Sukuna)

(४) प्रस्तावना स्वीकृत भएपछि बढिमा तीन महिनामा सर्भे प्रतिवेदन १ प्रति इ-कपी र हार्डकपी एकाइमा पेस गर्नुपर्ने छ ।

(५) सर्भेयरले सर्भेका मुख्य प्राप्ति र सुझावहरूको प्रिजेण्टेसन गर्नुपर्ने छ ।

(६) एकाइले सर्भेयरलाई तोकिएको अनुदान भुक्तानीका लागि क्याम्पस प्रमुख समक्ष सिफारिस गर्नेछ ।

(७) एकाइले IQAC समक्ष सर्भे प्रतिवेदन पेस गर्नेछ ।

**१७. अनुसन्धान पुस्तक/ कम्पेन्डियम/हेण्डबुक**

(१) एकाइले पाठ्यक्रमले तोकेका विषयवस्तुहरूमा र शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरूलाई सहयोग पुर्याउने उद्देश्यले प्राथमिक वा द्वितियक स्रोतका तथ्यतथ्याङ्कमा आधारित अनुसन्धानमूलक पुस्तक वा कम्पेन्डियम वा एकाडेमिक हेण्डबुक अफ सुकुना प्रकाशन गर्ने छ ।

(२) वार्षिक रुपमा एक भोल्युममा १५ वटा लेख भएको दुई थान अनुसन्धानमूलक पुस्तक वा कम्पेन्डियम वा एकाडेमिक हेण्डबुक अफ सुकुना प्रकाशन गरिने छ ।

(३) यस्ता पुस्तकले पाठ्यक्रम, शिक्षण सिकाइ क्रियाकलाप र विद्यार्थीको सिकाइलाई सहयोग पुर्याउनु मुख्य उद्देश्य हो ।

(४) उपनियम (१) अनुसार पुस्तकमा अनुसन्धानमूलक लेखका लेखकलाई प्रतिलेख रु. ६,०००/- अनुदान उपलब्ध गराइने छ ।

(५) यस्तो अनुसन्धानमूलक पुस्तकमा प्रकाशन गरिने लेखहरू विज्ञ समिक्षीत (Peer-reviewed) हुनेछन् ।

(६) यस्तो अनुसन्धानमूलक पुस्तक तथा लेखन ढाँचा, लेखनका क्षेत्र तथा विषयवस्तुहरू एकाइले तोक्ने छ ।

(७) अनुसन्धानमूलक पुस्तक प्रकाशनका लागि आवश्यक निर्णयहरू एकाइले गर्ने छ ।

Sukuna Multiple Campus ★ Research Management Cell, Sundarharaincha, Morang

## परिच्छेद चार
## तालिम, सेमिनार, गोष्ठी, कार्यशाला र सम्मेलन

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा नगरपालिका, मोरङ स्था. २०४८

**१८. तालिम**

शिक्षक तथा कर्मचारीहरूको अनुसन्धान एवम् आर्टिकल लेखन सिपको विकास गर्न एकाइले तालिम, सेमिनार, गोष्ठी, कार्यशाला र सम्मेलन गर्नेछ । तालिमका लागि एकाइले देहायबमोजिमका कार्य गर्ने गराउने छः

एकाई प्रमुख
अनुसन्धान व्यवस्थापन एकाइ
(RMC-Sukuna)

(१) एकाइको आयोजनामा आफैँ तालिम सञ्चालन गर्नेछ।

(२) एकाइको आयोजनामा वाह्य क्षेत्रका विशेषज्ञ/सहजकर्ता ल्याई वा तालिम केन्द्र वा विश्वविद्यालय वा अनुसन्धान केन्द्र सँग सम्झौता गरी तालिम सञ्चालन गर्ने छ।

(३) शिक्षक तथा कर्मचारीहरूलाई अनुसन्धान तथा लेखन सिपको विकास गराउन तालिममा पठाउने छ।

(४) यसरी तालिम लिने शिक्षक तथा कर्मचारीहरूले अनिवार्य रुपमा एकाइलाई अनुसन्धानमूलक आर्टिकल बुझाउनु पर्नेछ र अनुसन्धान क्रियाकलापमा संलग्न हुनुपर्ने छ।

१९. **सेमिनार, गोष्ठी, कार्यशाला र सम्मेलन**

(१) एकाइले शिक्षक तथा कर्मचारीको अनुसन्धान क्षमता विकास गर्नका लागि स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका सेमिनार, गोष्ठी, कार्यशाला र सम्मेलनहरूको आयोजना गर्ने छ।

(२) एकाइले शिक्षक तथा कर्मचारीलाई स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका सेमिनार, गोष्ठी, कार्यशाला र सम्मेलनहरूमा अनुसन्धान सँग सम्बन्धित विषयमा पेपर प्रिजेण्टेसन गर्न पठाउने छ ।

(३) अनुसन्धान क्षमता विकास गर्नका लागि एकाइले शिक्षक तथा कर्मचारीलाई स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका सेमिनार, गोष्ठी, कार्यशाला र सम्मेलनहरूको सहभागि गराउने छ ।

## परिच्छेद पाँच
## विविध

२०. **अमान्य हुने**

यस अनुसन्धान परियोजना सञ्चालन कार्यविधि, २०८१ मा लेखिएका नियम, उपनियम वा बुँदाहरू क्याम्पस विधान २०७७ (संशोधन सहित) र अनुसन्धान व्यवस्थापन एकाइ कार्यक्रम निर्देशिका २०७८ सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

२१. **परिवर्तन तथा संशोधन हुने**

(१) यो अनुसन्धान परियोजना सञ्चालन कार्यविधि, २०८१ क्याम्पसको वार्षिक बजेट सँग सम्बन्धित छ।

एकाई प्रमुख
अनुसन्धान व्यवस्थापन एकाइ
(RMC-Sukuna)

(२) क्याम्पसको वार्षिक बजेटमा हुने परिवर्तनले एकाइका कार्यक्रमहरूलाई प्रभाव पार्ने हुँदा यस अनुसन्धान परियोजना सञ्चालन कार्यविधि, २०८१ नियम तथा उपनियममा उल्लेख गरिएका अनुसन्धान परियोजना, परियोजनाको सङ्ख्या र बजेटमा थपघट वा संशोधन हुन सक्नेछ ।

(३) अनुसन्धान व्यवस्थापन एकाइको सिफारिस तथा प्रस्तावमा क्याम्पस सञ्चालक समितिले यो अनुसन्धान परियोजना सञ्चालन कार्यविधि, २०८१ वा यसका नियम वा उपनियमहरू आंशिक वा पुरै संशोधन गर्न सक्नेछ ।

## २२. पुरक हुने

अनुसन्धान परियोजना सञ्चालन कार्यविधि, २०८१ का नियम तथा उपनियमहरू अनुसन्धान व्यवस्थापन एकाइ कार्यक्रम निर्देशिका २०७८ का लागि पुरक अङ्ग हुने छन् ।

## २३. व्याख्या गर्ने अधिकार

यस अनुसन्धान परियोजना सञ्चालन कार्यविधि, २०८१ का नियम, उपनियमहरू र व्यवस्थाको व्याख्या गर्ने अधिकार यस क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइमा रहने छ ।

## २४. वार्षिक कार्ययोजना तर्जुमा

(१) यस क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइले आर्थिक वर्ष सुरूहुनु अगावै आगामी आर्थिक वर्षका लागि आफ्नो वार्षिक कार्ययोजना तर्जुमा गरी स्वीकृतिका लागि क्याम्पस प्रमुख समक्ष पेस गर्नु पर्नेछ ।

(२) क्याम्पस प्रमुखबाट वार्षिक कार्ययोजनास्वीकृत भएपछि एकाइले कार्ययोजनाअनुसारका कार्यक्रमहरू सञ्चालन गर्ने छ ।

## २५. प्रतिवेदन

(१)अनुसन्धान व्यवस्थापन एकाइले प्रत्येक वर्षको असार मसान्तमा क्याम्पस प्रमुख समक्ष प्रतिवेदन पेस गर्नेछ ।

(२) यसरी पेस हुन आएको प्रतिवेदनलाई क्याम्पस प्रमुखले स्वीकृत गर्ने छन् ।

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

एकाइ प्रमुख
अनुसन्धान व्यवस्थापन एकाइ
(RMC-Sukuna)
Sukuna Multiple Campus
Research Management Cell, Sundarharaicha, Morang